"समुन्नत इलाम सम्पन्न इलामेली"
इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८०/०८१ (कृषि विकास शाखा)
च.नं.: 2336

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८१।०१।०३
ने.सं.: ११४४ चौलाथ्व, ७ सोमवार

**बिषयः प्राङ्गारीक मल उत्पादन पूर्वाधार निर्माणका लागि प्रस्ताव आव्हान गरिएको बारे सूचना।**

इलाम नगरपालिकाको आ. व. २०८०/०८१ को बजेट तथा कार्यक्रमको अन्तर्गत नगरपालिका वडा नं. ५ मा प्राङ्गारीक मल उत्पादन पुर्वाधार निर्माण योजना लागत सहभागितामा देहायका शर्तहरु पालना गरि कार्यान्वयन गर्न इच्छुक प्रचलित कानुन बमोजिम दर्ता तथा अद्यावधिक रहेका इलाम नगरपालिका वडा नं ५ मा रहेका कृषि सहकारी वा अन्य सहकारी संस्था वा कृपक समूहहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा इलाम नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा तपशीलको कागजात सहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ, म्याद नाघि पेश हुने प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

शर्तहरु

१. कार्यक्रम संचालनका लागि लाभग्राहीका रुपमा वडा नं. ५ मा रहेका कृषि सहकारी वा सहकारी संस्था वा कृपक समूहले प्रस्ताव पेश गर्न सक्ने ।

२. छनौट भइ संझौता हुनु अगाडी नै लाभग्राहीको तर्फबाट अनिवार्य रुपमा व्यहोर्नु पर्ने न्युनतम पच्चीस प्रतिशत लागत सहभागिताको रकम रु ६,२५०००।-इलाम नगरपालिकाको बैंक खातामा जम्मा गर्नु पर्ने ।

३. यस कार्यक्रम अन्तर्गत स्थायी प्रकृतिका सार्वजनिक प्रयोजनमा आउने प्राङ्गारीक मल उत्पादन पुर्वाधारहरु निर्माणका कार्यहरु सार्वजनिक जग्गा वा सहकारीको नाममा दर्ता रहेको जग्गामा मात्र निर्माण गर्नुपर्ने ।

४.प्राङ्गारीक मल उत्पादन सम्बद्ध पुर्वाधार( टहरो/ सेड) निर्माण,प्राङ्गारीक मल उत्पादन तथा प्याकेजिङ्ग गर्ने यन्त्र उपकरण जडान प्रयोजनका लागि खर्च गर्नुपर्नेछ।

५.कार्यक्रम संचालन गर्दा कुनै प्रकारका कृषि उत्पादन सामाग्री तथा औजार यन्त्र तथा उपकरण खरिद पुर्वाधार निर्माण गर्नुपरेमा सार्वजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ अनुसार खरिद गर्नुपर्नेछ।

६.उल्लेखित योजना आ व २०८०/०८१ असार मसान्त सम्म सम्पन्न गरि हिसाव फरफारक गर्नुपर्नेछ।

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु**

- निवेदन
- संस्था वा समूह दर्ताको कृषक समूह दर्ता / नविकरण प्रमाणको प्रतिलिपि।
- कृषि समुह/ सहकारी संस्था दर्ता/नविकरण प्रमाण- पत्रको प्रतिलिपि ।
- संस्था /समूहको सामुहिक निर्णय प्रतिलिपि।
- संस्था वा समूहको PAN, VAT प्रमाण- पत्रको प्रतिलिपि।
- नागरिकता प्रमाणको प्रतिलिपि।
- प्राङ्गारीक मल कारखाना निर्माणका लागि न्युनतम २ रोपनी भन्दा माथी सार्वजनिक जग्गामा भए वा सहकारीको नाममा रहेको जग्गा धनीपूर्जा प्रमाण-पत्रको प्रतिलिपि।
- गत आ.व.लेखापरीक्षणको प्रमाणित प्रतिलिपि।
- व्यवसायिक योजना।
- वडा कार्यालयको सिफारीस।
- स्वः घोषणा पत्र साथै प्रतिवद्धता पत्र।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

Phone No:- ०२७-५२००९७, ०२७-५२००३१, website:- www.ilammun.gov.np
Email:-info@ilammun@gov.np, mun.ilam@gmail.com

CamScanner